नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

# वैदेशिक रोजगार विभाग

(G to G सहजीकरण शाखा)

प.सं. ०८३/०८४

चलानी नम्बर

ताहाचल, काठमाडौं

मिति २०८३/०६/०७

ने.सं. ११४६ जंलाथ्व द्वादशी

## इजरायलको दीर्घकालीन् स्याहार केन्द्रमा जाने नेपाली सहायक कामदारको लागि प्रकाशित विज्ञापनसंग सम्बन्धित सूचना

इजरायलको दीर्घकालीन् स्याहार केन्द्रमा सहायक कामदारको लागि आवेदन दिन इच्छुक नेपालीले अन्य योग्यताका अलावा न्युनतम उचाई १५० से.मी. र तौल ४५ के.जी. भएको स्वघोषणा समेत संलग्न गरी आवेदन दिन विभागको मिति २०८३/०५/२३ मा सूचना प्रकाशन भएको छ। यस अघिका विज्ञापनमा १५० से.मी. भन्दा कम उचाई भएका केही उम्मेदवारहरुले समेत आवेदन दिई Population, Immigration and Border Authority (PIBA) बाट हुने Random Selection मा छनौट भए तापनि मेडिकल जाँचको क्रममा उचाई, तौलको कारणले Unfit भई इजरायल जान नपाएको अवस्था समेत रहेको छ। तसर्थ उचाई, तौल लगायत अन्य योग्यता पुगेका उम्मेदवारहरुले मात्र आवेदन पेश गर्न हुन साथै उक्त मापदण्ड पुरा नभई आवेदन गरेमा जुनसुकै समयमा आवेदन रद्द हुने तथा नियमानुसार कारवाही गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

२०८३/०६/०६

शाखा अधिकृत

टेलिफोन नं: 01-4792616, 4792671, 4792648, 47927110, 4792658 फ्याक्स नं: 01-4792606

Email.: info@dofe.gov.np, israelsec@dofe.gov.np, website: www.dofe.gov.np